महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २ | सङ्ख्या : ३ | मितिः २०७५।०७।१६

## भाग –२

महाभारत गाउँपालिका

# <u>छात्रवृत्ति कार्यान्वयन कार्यविधि-२०७५</u>

**प्रमाणीकरण मिति २०७५।०७।२३**

**<u>प्रस्तावना</u>**

मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न तथा अन्तर्राष्ट्रिय तहमा गरेको प्रतिबद्धता पूरा गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन तथा भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाई राख्न र गुणस्तरीय

महाभारत गाउँपालिका राजपत्र

शिक्षाको सुनिश्चितताका लागि विद्यालय जाने उमेरका लक्षित समूहका बालबालिकाहरुलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गर्दै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को खण्ड ज को १६ मा उल्लेखित निःशुल्क शिक्षा विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन र महाभारत गाउँपालिकाको विनियोजन ऐन २०७५ मा उल्लेख भए अनुसार महाभारत गाउँपालिकामा रहेको सामुदायिक विद्यालयबाट एस. ई. ई. पास गरी प्राविधिक तर्फ डिप्लोमा अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्तिको व्यवस्थापन गर्न यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १

### सङ्क्षिप्त नाम र प्रारम्भः

१. १ यो कार्यविधिको नाम छात्रवृत्ति कार्यान्वयन कार्यविधि २०७५ रहेकोछ ।

१. २ यो कार्यविधि महाभारत गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा लागु हुने गरी तुरुन्त प्रारम्भ हुने छ ।

महाभारत गाउँपालिका राजपत्र

# परिच्छेद - २

## परिभाषा

२ **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “ऐन” भन्नाले सङ्घीय शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले महाभारत गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “गाउँपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको महाभारत गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) “व्यवस्थापन समिति” भन्नाले सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नको लागि गठन गरेको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ङ) “मन्त्रालय” भन्नाले सङ्घीय शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(च) “विद्यालय” भन्नाले सामुदायिक र संस्थागत विद्यालय सम्झनु पर्छ ।

(छ) “शिक्षा अधिकृत” भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ज) “शिक्षा शाखा” भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ ।

महाभारत गाउँपालिका राजपत्र

(झ) “छात्रवृत्ति” भन्नाले यस कार्यविधि तथा महाभारत गाउँपालिकाले तोके अनुसारको निश्चित प्रक्रियाको आधारमा छानिएका विद्यार्थीहरुलाई एस इ ई पास गरी प्राविधिक तर्फ डिप्लोमा अध्ययन गर्ने विद्यार्थीहरुलाइ प्रदान गरिने छात्रवृत्ति भन्ने जनाउँछ ।

(ञ)“भौचर पद्धति” भन्नाले एस. ई. ई. पास गरी प्राविधिकतर्फ डिप्लोमा अध्ययन गर्न तोकिएको आधारमा छनौट भएका लक्षित विद्यार्थीहरुलाई भर्ना भएपश्चात निजलाई बैंकमा खाता खोल्न लगाई सोही खाता मार्फत् रकम दिने पद्धतिलाई जनाउँछ ।

# परिच्छेद-३

## छात्रवृत्तिका उद्देश्य

**यस कार्यविधि कार्यान्वयनका उद्देश्य देहाय अनुसार रहेको छ :**

(क) **माध्यमिक तहमा तोकिएको आधारमा विपन्न विद्यार्थी पहिचान गरी छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउने ।**

(**ख**) **सामुदायिक विद्यालयबाट** एस. ई. ई. **पास गरी प्राविधिकतर्फ डिप्लोमा अध्ययन गर्न छात्रछात्राहरुलाई छात्रवृत्ति मार्फत् प्रोत्साहन गर्ने ।**

महाभारत गाउँपालिका राजपत्र

**(ग) छात्रावृत्ति वितरणको व्यवस्थालाई व्यवस्थित गर्ने ।**

## परिच्छेद ४

### ४ . १ छात्रवृत्ति सम्बन्धी व्यवस्था

**४. १ .१ महाभारत गाउँपालिकामा रहेको सामुदायिक विद्यालयबाट** एस. ई. ई. **पास गरेका विद्यार्थीहरुको लागि छात्रवृत्ति कार्यान्वयनमा ल्याइनेछ ।**

**४. १. २ महाभारत गाउँपालिकामा रहेका ७ वटा सामुदायिक विद्यालयमा अध्ययनरत छात्रछात्राहरुलाई प्राविधिकतर्फ डिप्लोमा अध्ययन गर्ने छात्रछात्राहरुलाई पोत्साहन छात्रवृत्ति प्रदान गरिनेछ । साथै विज्ञान विषय लिई कक्षा ११ मा अध्ययन गर्ने छात्रछात्राहरुलाई प्रोत्साहन छात्रवृत्ति प्रदान गरिनेछ ।**

**४. १. ३ शैक्षिक सत्र २०७५ बाट महाभारत गाउँपालिकाभित्र रहेका ७ वटा सामुदायिक विद्यालयमा अध्ययनरत छात्रछात्राहरुमध्ये प्राविधिक तर्फ डिप्लोमा अध्ययनका लागि प्रोत्साहन छात्रवृत्ति कार्यान्वयनमा ल्याइनेछ ।**

महाभारत गाउँपालिका राजपत्र

**४. १. ४ कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालनमा आएको सामुदायिक माध्यमिक विद्यालयलाई विद्यार्थी सङ्ख्याको आधारमा प्रति विद्यार्थीका दरले महाभारत गाउँपालिकाले तोके अनुसारको प्रोत्साहन छात्रवृत्ति प्रदान गरिनेछ ।**

## परिच्छेद ५

### ५. विद्यार्थी छनौट गर्ने आधार तथा प्रक्रिया

**५ .१ विद्यार्थी छनौटको प्रक्रिया विद्यार्थी छनौट देहाय तरिकाको आधारमा गरिनेछ :**

**(क) सामुदायिक विद्यालयबाट एस इ ई पास गरि प्राविधिकतर्फ डिप्लोमा अध्ययन गर्ने विद्यार्थीले सुचना प्रकासन भएको मितिले ७ दिन भित्र महाभारत गाउँपालिकामा भर्ना भएको प्रमाण सहित निवेदन राख्नुपर्नेछ ।**

**(ख) फारममा तोकिएको सूचकहरुलाई आधार मानी विद्यार्थीले प्राप्त गरेको ग्रेडको आधारमा सबै भन्दा उत्कृष्ट देखिएका मध्येबाट प्रोत्साहन छात्रवृत्ति प्रदान गर्न योग्य हुनेछन् ।यसरी छनौट भएका विद्यार्थीहरुलाई चौमासिक रुपमा वर्षको तीन पटक छात्रवृत्ति प्रदान गरिनेछ ।**

महाभारत गाउँपालिका राजपत्र

५. २ <u>छात्रवृत्ति निकासा प्रक्रिया</u> : **छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति रकम निकासा निजको बैंक खाता सञ्चालन गर्न लगाई सोही खातामा निकासा गर्नुपर्नेछ ।**

५. ३ <u>छात्रवृत्तिको रकम</u> : **प्राविधिकातर्फ डिप्लोमा अध्ययनरत छात्रवृत्ति पाउने छात्रछात्राहरुले वार्षिक रु १००००० छात्रवृत्ति पाउनेछन् । साथै प्रत्येक वर्ष बढीम एक छात्र र एक छात्रा गरी २ जना छात्रवृत्तिको लागि योग्य हुनेछन् । कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने एक छात्र र एक छात्रा गरी २ जनालाई वार्षिक रु ३५००० का दरले छात्रवृत्ति पाउनेछन् र आधरभूत तहमा उत्कृष्ट ग्रेड ल्याउने एक छात्र र एक छात्रा गरी २ जनालाई वार्षिक रु १०००० का दरले छात्रवृत्ति प्रदान गरिनेछ । छात्रवृत्तिको रकम महाभारत गाउँपालिकाले बार्षिक रुपमा परिमार्जन गर्न सक्नेछ । साथै एस इ ई परीक्षामा सबैभन्दा बढी GPA प्राप्त गर्ने एक छात्र र एक छात्रा गरी जुनसुकै विषय अध्ययन गर्नेलाई प्रति विद्यार्थी रु १०००० का दरले छात्रवृत्ति प्रदान गरिनेछ ।छात्रवृत्ति लाभग्राही विद्यार्थिको छनौट परीच्छेद ६ बमोजिमको छात्रवृत्ति छनौट समितिले गर्नेछ ।**

५ .४ <u>छात्रवृत्ति नपाउने अवस्था</u> : **देहायको अवस्थामा विद्यार्थी छात्रवृत्ति पाउन योग्य हुने छैन**

महाभारत गाउँपालिका राजपत्र

**(क) छात्रवृत्ति रकम निकासाको समय सम्म निजको हाजिरी असी प्रतिशत भन्दा कम रहेमा ।**

**(ख) विद्यार्थी कक्षा अनुत्तीर्ण भएमा ।**

**(ग) उमेर नपुग्दै विवाह गरेमा ।**

**(घ) गलत वा झुठा विवरण भरी फारम पेश गरेको प्रमाणित भएमा ।**

महाभारत गाउँपालिका राजपत्र

## परिच्छेद ६

## विविध

६. १ **छात्रवृत्ति छनौट समिति सम्बन्धी व्यवस्था** : महाभारत गाउँपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थिहरुलाई प्रोत्साहन छात्रवृत्ति वितरणका लागि तपशिल सदस्यहरु रहेको एक छात्रवृत्ति छनौट समिति गठन गरिनेछ ।

गाउँपालिका उपाध्यक्ष : संयोजक

प्रमुख प्रशासकीय अधिकृत : सदस्य

| | | |
|---|---|---|
| सामाजिक विकास प्रमुख | : | सदस्य |
| लेखापाल | : | सदस्य |
| शिक्षा शाखा प्रमुख | : | सदस्य सचिव |

**६.२ <u>सजायँ सम्बन्धी व्यवस्था</u> : गलत विवरण भर्न सहयोग गर्ने त्यसलाई सिफारिस गर्ने तथा प्रमाणित गर्ने जिम्मेवार व्यत्तिलाई प्रमुख प्रशासकीय अधिकृतले कार्वाही गर्न सक्नेछ । साथै गलत विवरण भर्ने विद्यार्थीलाई गाउँपालिकाबाट भावी दिनमा उपलब्ध हुने छात्रवृत्तिबाट बञ्चित गरिनेछ ।**

**६ .३ <u>छात्रवृत्ति पाउन योग्य हुने</u> : छात्रवृत्ति पाएका विद्यार्थीहरुलाई शिक्षण अवधिभर एकपटक मात्र छात्रवृत्ति प्राप्त गर्न योग्य हुनेछन् ।**

**६. ४ <u>समिति सम्बन्धी व्यवस्था</u> : छात्रवृत्तिलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यकता अनुसार समिति तथ उपसमिति बनाई जिम्मेवारी दिन सक्नेछ । सो समितिले गाउँपालिकाले तोकेको कार्यसर्तको आधारमा काम गर्नु पर्नेछ ।**

**६.५ <u>अनुगमन सम्बन्धी व्यवस्था</u> : छात्रवृत्ति प्राप्त विद्यार्थीहरुले गाउँपालिकाले आफै वा आफ्नो जनशक्ति**

महाभारत गाउँपालिका राजपत्र

**परिचालन गरी विद्‌यार्थीहरुको नियमित पठनपाठनको आकस्मिक रुपमा अनुगमन गर्न सक्नेछ ।**

**६.६ <u>संशोधन गर्न सक्ने</u> : यस कार्यविधिमा उल्लेखित विषयहरु आवश्यकता अनुसार महाभारत गाउँपालिकाको कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।**

**आज्ञाले**
**रेमोण्ड थापा मगर**
**प्रमुख प्रशासकीय अधिकृत**

महाभारत गाउँपालिका राजपत्र